अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेवगर म्याग्दी
२०७३
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np
G-Plus Code:FJJV +JH Sikha

प.स. - ०८२/८३
च.नं.- २४०

विज्ञसूची/रोष्टर तयारीका लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना !

**(दोस्रो पटक सूचना प्रकाशन मिति २०८२/०५/१३)**

यस अन्नपूर्ण गाउँपालिकामा सञ्चालन हुने विभिन्न तहको अस्थायी/करार शिक्षक, विद्यालय कर्मचारी छनौट परीक्षा, गाउँपालिकास्तरीय प्रश्नपत्र उत्तरकुञ्जिका निर्माण एवम् परिमार्जन, स्थानिय पाठ्यक्रम, पाठ्यपुस्तक लेखन एवम् परिमार्जन, रोष्टर विज्ञको रुपमा विद्यालय अनुगमन तथा सुपरीवेक्षण र शिक्षकहरुको पेशागत सहयोग लगायत विबिध प्रयोजनका लागि विज्ञहरुको सूची सुचीकृत र नवीकरण गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक महानुभावहरुले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजपत्र सहित फारम भरी यस गाउँपालिका स्थित शिक्षा, युवा तथा खेलकुद शाखाको इमेल ठेगानामा इमेल मार्फत वा प्रत्यक्ष उपस्थित भइ पेश गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क) सर्तहरू:

१. विज्ञहरुको सूची दर्ता संवन्धी निवेदन अन्नपूर्ण गाउँपालिकाको वेबसाइटमा उपलव्ध गराएको ढाँचा वमोजिम हुनपर्नेछ ।
२. विज्ञको सूचीकरण तथा परिचालन सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार अन्नपूर्ण गाउँपालिकामा निहित रहने छ।

ख) सूचीकृत हुन इच्छुक व्यक्तिहरुको बाञ्छनीय योग्यता

१. आधारभूत तहका लागि सम्बन्धित विषयमा कम्तिमा स्नातक र माध्यमिक तहका लागि कम्तिमा स्नातकोत्तर उत्तीर्ण हुनुपर्ने,
२. आधारभूत तथा माध्यमिक तहको स्थायी शिक्षक हुनुपर्ने छ, तर साविक उ.मा. वि./कक्षा ११-१२ को हकमा ७ वर्षको शिक्षण अनुभव भएको हुनुपर्नेछ।
३. सम्बन्धीत तह वा सो भन्दा माथिल्लो तह र विषयमा कम्तिमा ५ बर्षको कार्य अनुभव (स्थायी र अस्थायी सहित),
४. सम्बन्धीत शिक्षक यस गाउँपालिका भित्रका विद्यालयमा कार्यरत हुनुपर्ने छ,
५. ICT सम्बन्धी ज्ञान भएको,

ग) निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

१.नागरिकता, शैक्षिक योग्यता र कार्यानुभवको प्रमाणित प्रतिलिपी
२. इमेल मार्फत विज्ञसूचीमा सूचिकृत गर्न चाहने बिज्ञले निवेदन सहित आवश्यक कागजातको Scan copy यस शाखाको इमेल edu.annamun@gmail.com मा पठाउन सकिने छ।
३. नबिकरण दस्तुर रु ३०० र नयाँ सुचिकृत दस्तुर रु.१००० को रसिद अनिवार्य हुनुपर्ने छ। साथै यो सूचनाको अन्तिम म्याद समाप्त भए लगत्तै सूचिकृत विषयविज्ञ हरुको सूची प्रकाशन गरिनेछ।

पुनश्चः- आ.व. २०७६/०७७ देखी यस शाखाको सूचना अनुसार निवेदन दिइसकेका महानुभावहरुको रोस्टर सुची खडा गरिसकिएकोले पुन नविकरण गर्नुपर्ने व्यहोरा समेत अनुरोध छ।

नि.प्रमुख प्रशासकिय अधि